// स्थानीय राजपत्र

घोराही उपमहानगरपालिका

लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड १०  संख्या ११  स्थानीय राजपत्र  भाग २ मिति २०८३।०६।०५**

# विद्यालय अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०८३

स्वीकृत मितिः २०८३।०६।०२

**प्रस्तावना**

संविधान प्रदत्त शिक्षा सम्बन्धि मौलिक हक, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ समेतको आधारमा विद्यालय तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गरी शिक्षामा पहुँच, गुणस्तर समावेशिता र सहभागिता सुनिश्चित गर्न, विद्यालयहरुमा मौजुदा शिक्षक दरबन्दी न्यून भएको विषय सम्बोधन गर्न, विद्यालयहरुमा उपलब्ध गराइने स्रोत साधनको वितरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाई अनुदान वितरण गर्न र त्यसरी वितरण भएको अनुदानको प्रयोगको सुनिश्चितता गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (ज) १४ ले दिएको अधिकार प्रयोग गरी विद्यालय अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "विद्यालय अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०८३" रहेको छ।

ख) यो कार्यविधि घोराही उप-महानगरपालिकाबाट विगतमा उपलब्ध गराईएको अनुदान र यो कार्यविधि लागु भएपछि उपलब्ध गराइने विद्यालयहरुको हकमा मात्र लागु हुनेछ।

ग) यो कार्यविधि घोराही उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा र व्याख्या:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **ऐन** भन्नाले शिक्षा ऐन २०२८ (संशोधन सहित) सम्झनुपर्छ। सो शब्दले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा घोराही उप-महानगरपालिकाको शिक्षा ऐनलाई समेत जनाउछ।

(ख) **उप-महानगरपालिका**" भन्नाले घोराही उपमहानगरपालिका" दाङ लुम्बिनी प्रदेश नेपाल सम्झनुपर्छ

(ग) **सामाजिक विकास महाशाखा** भन्नाले घोराही उपमहानगरपालिको शिक्षा विषयसमेत हेर्ने महाशाखा सम्झनुपर्छ।

(घ) "**कार्यविधि**" भन्नाले विद्यालय अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०८३" सम्झनुपर्छ।

(ङ) "**अनुदान**" भन्नाले सशर्त, एकमुष्ट, कार्यसम्पादनमा आधारित, विशेष, समपुरक, मागमा आधारित, बास्केट मा आधारित, साझेदारिमा आधारित तथा विद्यालयको प्रस्तावको आधारमा सामुदायिक विद्यालयहरुलाई उपलब्ध गराइने अनुदानलाई सम्झनुपर्छ। सो शब्दले नगरपालिकाबाट नियुक्ति भएका शिक्षक कर्मचारी स.का. परिचालिकलाई उपलब्ध गराइने तलब सुविधा र संघीय सरकारबाट विनियोजित तलब सुविधामा पालिकाबाट थप गरी प्रदान गरिने तलब तथा सेवा सुविधा समेतलाई सम्झनुपर्छ।

(च) "**अनुदान व्यवस्थापन समिति**" भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनुपर्छ।

(छ) "**नगर शिक्षा समिति**" भन्नाले घोराही उप-महानगरपालिका अन्तर्गत गठित नगर शिक्षा समिति सम्झनुपर्छ।

(ज) "**विद्यालय व्यवस्थापन समिति**" भन्नाले प्रचलित शिक्षा ऐन बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

(झ) "**विद्यालय**" भन्नाले अनुमति वा स्वीकृति प्राप्त गरी स्थापित विद्यालय सम्झनुपर्छ। सो शब्दले खुल्ला तथा अनौपचारिक रुपमा संचालित राष्ट्रिय योग्यता प्रारुप बमोजिमको समकक्षता प्राप्त गर्ने हेतुले संचालित विद्यालय तहको शैक्षिक संस्था समेत सम्झनुपर्दछ।

(ञ)"**विद्यालय कर्मचारी**" भन्नाले विद्यालयमा कार्यरत प्रशासनिक तथा सहयोगी कर्मचारी सम्झनुपर्छ।

(ट) "**प्र.अ. भत्ता**" भन्नाले सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई यस कार्य विधि बमोजिम प्रदान गरिने भत्ता सम्झनुपर्दछ।

(ठ) "**शिक्षक**" भन्नाले विद्यालयमा अध्यापन गर्ने शिक्षक सम्झनुपर्छ। सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउनेछ।

## परिच्छेद -२

## उद्देश्य

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

(क) अनिवार्य तथा निःशुल्क शिक्षाको कानुनी व्यवस्थालाई कार्यान्वयन गर्नु ।

(ख) शैक्षिक गुणस्तर, पहुँच, समावेशिता र समानता हासिल गर्न सहयोग पुर्याउने ।

(ग) विद्यालयमा शैक्षिक सुशासनमा बढत्तोरी गर्नु ।

(घ) विद्यालयको लागि वितरण तथा व्यवस्थापन हुने अनुदानलाई पारदर्शी र मितव्ययी बनाई वित्तीय सुशासन कायम गर्नु।

(ङ) उपलब्ध स्रोत र साधनको न्यायोचित रुपमा वितरण र व्यवस्थापन गर्नु ।

(च) शिक्षक तथा कर्मचारीहरुको तलब सुविधा निर्धारण र निकाशा गर्नु।

## परिच्छेद -३

**४. अनुदान व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकार**

**(क) अनुदान व्यवस्थापन समितिको गठन**

| | |
|---|---|
| (क) सामाजिक विकास समिति संयोजक | संयोजक |
| (ख) अधिकृत, शिक्षा माध्यमिक शिक्षा शाखा | सदस्य |
| (ग) आर्थिक प्रशासन महाशाखा प्रमुख | सदस्य |
| (घ) इन्जिनियर/ सव इन्जिनियर | सदस्य |
| (ङ) अधिकृत शिक्षा आधारभूत शिक्षा शाखा | सदस्य-सचिव |

समितिले आवश्यकता अनुसार वढिमा २ जना सम्म विज्ञ आमन्त्रण गर्न सक्नेछ र समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**ख) समितिको काम कर्तव्य र अधिकारः**

क. विद्यालयहरुबाट प्राप्त निकासा माग फाराम सत्यापन गर्ने।

ख. विद्यालयहरुलाई दिइने अनुदान रकम निकासा दिन सिफारिस गर्ने।

ग. अनुगमनको क्रममा विद्यालयहरुले तोकिए बमोजिम नगरेको पाइएमा नियमित गर्न सुझाव दिने र आवश्यक कारवाहीका लागि सिफारिस गर्ने।

घ. विद्यालयहरुबाट प्राप्त सामाजिक आर्थिक प्रतिवेदनहरुको विश्लेषण गरी एकिकृत प्रतिवेदन तयार गर्ने।

ङ. विद्यालमा निकासा भएको अनुदान ऐन, नियमावली कार्यविधि र निर्देशिका अनुसार परिचालन भए नभएको अनुगमन गर्ने।

च. आवश्यक पर्ने अनुदान रकमको आँकलन तथा व्यवस्थापन गर्ने।

छ. नगर शिक्षा समिति समक्ष प्रतिवेदन पेस गर्ने।

## परिच्छेद -४

**५. विद्यालय अनुदान वितरण तथा व्यवस्थापनका आधारहरुः**

**(क)** प्रारम्भिक वाल विकास तथा शिक्षा तर्फका सहजकर्ता / शिक्षकहरुलाई आ.व.२०७६/०७७ देखि प्रदान हुदै आएको तलव सुविधाको निरन्तरताका लागि विद्यालयबाट करार नवीकरण भएको आधारमा स्वीकृत बजेट बमोजिम नेपाल सरकारले तोके बमोजिमको सेवा सुविधा ।

**(ख)** कक्षा ६-८ मा विद्यार्थी शिक्षक संख्याको आधारमा प्रदान गरिएको अनुदान दरबन्दीलाई निरन्तरन्ता दिने सम्बन्धमा विद्यालयबाट करार नवीकरण भएको आधारमा स्वीकृत बजेट बमोजिम नेपाल सरकारले तोके बमोजिमको सेवा सुविधा

**(ग)** कक्षा ९-१० मा विद्यार्थी शिक्षक संख्याको आधारमा प्रदान गरिएको अनुदान दरबन्दीलाई निरन्तरन्ता दिने सम्बन्धमा विद्यालयबाट करार नविकरण भएको आधारमा स्वीकृत बजेट बमोजिम नेपाल सरकारले तोके बमोजिमको सेवा सुविधा

**(घ)** सशर्त अनुदान तर्फ (सम्बन्धीत आ. व. को कार्यक्रम कार्यान्वयन कार्यविधिले शिक्षा) निर्देशन गरे बमोजिम हुनेछ।

**(ङ)** निशर्ततर्फ उपलब्ध गराइने सेवा सुविधा नगर कार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

**(च)** निर्धारण भएको शिक्षक तथा कर्मचारीहरुको तलब सुविधा विद्यालयको IEMIS मा प्रविष्ट माग फारामको आधारमा महाशाखाले सिधै निकासा दिनेछ।

## परिच्छेद -५

### ६. अनुदान मागका शर्त तथा माग र निकासा प्रक्रिया

१. अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने अनिवार्य शर्तहरुः विद्यालहरुले अनुदान प्राप्त गर्न देहाय बमोजिमका शर्तहरु अनिवार्य रुपमा पालना गरी अनुदान प्राप्पत गर्न निवेदन पेश गर्नुपर्नेछ।

(क) चालु शैक्षिक सत्रको परिमार्जन सहितको ५ वर्षिय विद्यालय सुधार योजना।

(ख) गत आ.व. को लेखापरीक्षण तथा सामाजिक परीक्षण प्रतिवेदन।

(ग) विद्यालयको वार्षिक कार्ययोजना।

(घ) जनशक्ति,भौतिक तथा शैक्षिक व्यवस्थापनको स्वीकृत प्रस्ताव तथा बजेट।

(ङ) नवीकरण सहितको करार सम्झौता र नियुक्ति पत्रको प्रतिलिपि।

(च) विद्यालय व्यवस्थापन समितिको निर्णय।

(छ) गत आ.व. को प्रगति प्रतिवेदन।

(ज) उल्लेखित शर्तहरुको आधारमा समितिको सिफारिसमा अनुदान रकम निकासा हुनेछ ।

## परिच्छेद -६

## विविध

**७.** भौतिक व्यवस्थापनः विद्यालयको भौतिक विकासको लागि अनुदान वितरण समितिले सिफारिस तथा शिक्षा समितिको निर्णय बमोजिम प्रचलित भौतिक निर्माण मापदण्डको आधारमा विद्यालयको भौतिक विकास गरिने छ।

**८.** धार्मिक, परम्परागत, मातृभाषामा शिक्षा, खुल्ला तथा अनौपचारिक रुपमा संचालित विद्यालयहरुलाई पूर्वरत रुपमा दिइदै आएको अनुदानलाई समितिको सिफारिसमा निरन्तरता दिईनेछ।

**९.** प्राधानाध्यापकलाई प्रदान गरिदै आएको थप प्र.अ. भत्तालाई निरन्तरता दिइने छ।

**१०.** अनुगमन तथा मुल्यांकन सामाजिक विकास महाशाखाले वितरीत अनुदान रकम तथा सोको कार्यान्वयनको सम्बन्धमा नियमित अनुगमन गर्नेछ।

**११.** जनशक्ति व्यवस्थापन तथा अनुदानको निरन्तरता सम्बन्धमा यस पूर्व संघीय सरकार र नगरस्तरबाट नियुक्ति भई सेवा निरन्तरतामा रहेका बाल विकास शिक्षक, शिक्षक, विद्यालय कर्मचारी, सामाजिक परिचालकहरुको व्यवस्थापन, सेवा सुविधा र तोकिएका विद्यालयहरुलाई प्रदान गरिने अनुदान अनुसुची १, २, ३ र ४ मा व्यवस्था भए बमोजिम हुनेछ।

**१२. संशोधन, खारेजी र बचाउः** महाशाखाको सिफारिसमा नगर कार्यपालिकाले यो कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ। यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ। यस पूर्व वितरण गरिएका अनुदानहरु यसं कार्यविधि वमोजिम वितरण गरिएको मानिनेछ।

## <u>अनुसूची-१</u>

## नगर अनुदानमा कार्यरत शिक्षक तथा गृहणी विद्यालय, अनौपचारिक विद्यालय र बाल मन्दिर आ.वि. को आयालाई थप तलवभत्ता सम्बन्धी

| सि नं | विवरण | संख्या | गत आ.व.को तलब सुविधा | चालु आ.व. २०८३/०८४ मा नगरपालिकाबाट थप हुने तलब सुविधा | उपलब्ध हुने तलब सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाल विकास सहजकर्ता (नगर अनुदान) | १९ | १७२५० | ११०३७ | २८२८७ | २१% थप सहित समायोजन गरिएको |
| २ | आधारभूत तह शिक्षक (६-८) | ५ | ३४७३० | ३४७३ | ३८२०३ | १० प्रतिशत थप |
| ३ | माध्यमिक तह शिक्षक (९-१०) | ११ | ४३६८९ | ४३६९ | ४८०५८ | |
| ४ | प्र.अ. भत्ता (प्रा वि तह, नि मा वि तह र मा वि तह) | ९३ | २००, ३०० र ५०० | ० | २००, ३०० र ५०० | |
| ५ | बाल मन्दिर आया एकमुष्ठ अनुदान | १ | ५०००० | ० | ५०००० | |
| ६ | गृहणी परिचालक एकमुष्ठ अनुदान | १ | १००००० | ० | १००००० | |
| ७ | अनौपचारिक विद्यालयमा अनुदान | १ | २००००० | ० | २००००० | |
| ८ | स्वयंसेवक शिक्षक नगर (आधारभूत) | | २००००।- | ५०००।- | २५०००।- | |
| ९ | स्वयंसेवक शिक्षक नगर (मा.वि.) | | २५०००।- | ५०००।- | ३००००।- | |
| १० | खेल शिक्षक | | २००००।- | ५०००।- | २५०००।- | |

## अनुसूची-२

संघिय ससर्त अनुदानबाट तलब भत्ता खाने र नगरबाट तलवभत्ता थप गरीएको

| सि. नं. | तह | संख्या | गत आ. व.को तलब (संघिय तलव) | चालु आ.व. २०८३को संघिय तलव/महंगी भत्ता/प्रोत्साहन | संघिय बाट थप भएको जम्मा तलवभत्ता रकम | गत आ. व. स्थानीयबाट थप तलव | चालु आ.व. मा नगरपालिका नगरबाट थप | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | वाल विकास सहजकर्ता | १५४ | १२००० | ५००० | १७००० | ७२५० | ११२८७ | २८२८७ |
| २ | विद्यालय सहायक कर्मचारी | २६ | १५००० | ५००० | २०००० | ६०२५ | १०४४० | ३०४४० |
| ३ | विद्यालय सहयोगी कर्मचारी | ९९ | १०००० | ५००० | १५००० | ८०५० | ११८४० | २६८४० |
| ४ | सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताको लागि थप | ९ | १०००० | २००० | १२००० | ० | २५२० | १४५२० |

## अनुसूची- ३

### प्रारम्भिक वाल वकास शक्षक वा पूर्व प्राथ मक कक्षाका सहजकर्ताको ला ग अनुदान निरन्तरता ववरणः

| | | |
|---|---|---|
| आधारभूत विद्यालय सिमलतारा, वडा १ | प्राथमिक विद्यालय सुर्केडागी वडा २ | रात्री प्राथमिक विद्याल वेलुवा वडा ३, |
| आधारभूत विद्यालय सुनपुर वडा ४, | जनकल्याण प्राथामिक विद्यालय धारापानी वडा ५, | माध्यमिक विद्यालय जजरागाउँ वडा ६, |
| रात्री प्राथमिक विद्यालय शुक्रबार वडा ७, | आधारभूत विद्यालय दुन्द्रा वडा ८, | प्राथमिक विद्यालय मुकुन्डाडा अस्परी वडा ९, |
| जनजागृति माध्यमिक विद्यालय लमडरुवा वडा १०, | प्राथमिक विद्यालय नयाँबस्ती वडा ११, | माध्यमिक विद्यालय हापुर विजौरी वडा १२, |
| बराहक्षेत्र माध्यमिक विद्यालय सेवार वनगाउँ वडा १३, | बाल विकास माध्यमिक विद्यालय नयाँ बजार वडा १४, | सरस्वती माध्यमिक विद्यालय काठेकोल वडा १५, |
| प्राथमिक विद्यालय सानीअम्बापुर, वडा १६, | आधारभूत विद्यालय भैसाही, वडा १७ | माध्यमिक विद्यालय रझेना, वडा १८ |
| जनता प्राथमिक विद्यालय काउलीचौर वडा १९ | | |

## अनुसूची- ४

### गत आ.व. देखि दिइएको नि. मा. वि. अनुदान विवरण

| | | |
|---|---|---|
| भगवती माध्यमिक विद्यालय होड्वाङ घोराही १९ | माध्यमिक विद्यालय,हापुर रतनपुर घोराही १२ | विद्यालय झिगनी बञ्जाडी घोराही ३ |
| जनता माध्यमिक विद्यालय नयाँगाउ बुका घोराही २ | आधारभूत विद्यालय सुनपुर घोराही ४ | |

**आ व २०७७।७८ र २०८२।८३ मा दिइएको अनुदान प्राप्त विद्यालयहरुः**

| | | |
|---|---|---|
| भगवती माध्यमिक विद्यालय होड्वाङ घोराही १९ | माध्यमिक विद्यालय जजरागाउँ वडा ६ | बाल विकास माध्यमिक विद्यालय घोराही १४ , |
| माध्यमिक विद्यालय हापुर विजौरी वडा १२, | पद्मोदय पब्लिक नमुना माध्यमिक विद्यालय भरतपुर घोराही १५ | माध्यमिक विद्यालय हापुर निघुवार घोराही १२ |
| विद्यालय हापुर रतनपुर घोराही १२ | माध्यमिक विद्यालय रझेना घोराही १८ | सिद्धरत्ननाथ माध्यमिक विद्यालय नारायणपुर घोराही १० |
| महेन्द्र माध्यमिक विद्यालय धर्ना घोराही ५ | नरदेवि माध्यमिक विद्यालय तेघरा घोराही ९ | |

आज्ञाले,

रामबहादुर हमाल

नि.प्रमुख प्रशासकीय अधिकृत